# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८०/८१
च.नं.: ६८२

मिति:- २०८०/०६/२२

# हरिशंकर जात्राको शुभकामना

दक्षिणकाली नगर भित्र मनाइने विभिन्न जात्राहरु मध्येको प्रमुख तथा मौलिक, सांस्कृतिकका साथै ऐतिहासिक महत्वको हरिशंकर जात्राको उपलक्ष्यमा सम्पूर्ण नगरवासीमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा दीर्घायुको कामना गर्दै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु । यस्ता जात्रा पर्वको माध्यमबाट विविध सांस्कृतिक पहिचानका साथै आम नगरवासी बीच आपसी विश्वास, प्रेम, बन्धुत्व तथा एकताको भावना प्रगाढ हुनेछ भन्ने विश्वास लिएको छु ।

काठमाडौंमा मनाइने इन्द्र जात्राको दिनबाट शुरु भएर १५ दिनसम्म मनाइने र आश्विन कृष्णपक्ष एकादशीका दिन मूल जात्रा (यसपटक २०८० असोज २३ गते परेको) हुने हरिशंकर जात्राले दक्षिणकालीलाई सांस्कृतिक नगरीको रुपमा देश विदेशमा चिनाउँदै आएको तथ्य हामी सामु छँदैछ । मुख्यतया रातको समयमा मनाइने यस जात्रामा ७ वटा खट (नीलवाराही, इन्द्रायणी, शेषनारायण, महालक्ष्मी, गोपालेश्वर, बालकुमारी र दक्षिणकालीको) रहेको हुन्छ र प्रत्येक खटमा हरि र शंकरको अर्ध रुप रहेको हुन्छ । जात्रा श्रीकृष्णका नाति अनिरुद्र र असुर नरेश वाणासुरकी छोरी उषामैयाँको प्रेम कथामा आधारित रहेको मानिन्छ ।

यस जात्रालाई विगत देखि हालसम्म जगेर्ना गर्दै यहाँसम्म ल्याईपुऱ्याउनु हुने अग्रज तथा समूह, संस्था, व्यक्ति प्रति उच्च सम्मान प्रकट गर्दै नगरपालिका यस्ता धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको सम्वर्द्धन तथा संरक्षण गर्न निरन्तर लागि पर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु । फर्पिङ बजारको सात टोल मात्र नभै नगरवासीको आम सहभागिता हुने जीवनमा एक पटक हेर्नै पर्ने विश्वास रहेको हरिशंकर जात्राले दक्षिणकाली नगरको समृद्धिको यात्रामा अझ बढी टेवा पुगोस् भन्ने भगवान हरि-शंकरसँग प्रार्थना गर्दै जात्राको पूर्ण सफलताको कामना गर्दछु ।

मोहन बस्नेत
नगर प्रमुख

Email : info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np